MRU
ASSOCIATES
Chartered Accountants

स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

श्री शेयर सदस्य महानुभावहरु

श्री बड बचत तथा ऋण सहकारी संस्था लि
का.म.न.पा -१६, काठमाडौं

आ.व. २०७७/७८को लेखा परिक्षणको प्रतिवेदन

हामीले **श्री बड बचत तथा ऋण सहकारी संस्था लिमिटेडको** वित्तीय विवरण, जसले २०७८ साल असार मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७७/०७८ को आय विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन तथा वित्तीय विवरणहरुसग सम्बन्धित निति तथा टिप्पणीहरु समावेश गर्दछ, को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो राय

हामी यस प्रतिवेदनमा उल्लेखित आधारमा लेखापरीक्षण गरी निम्न अनुसारको राय पेश गर्दछौं:

१. लेखापरीक्षण सम्पन्न गर्न हामीले आवश्यक ठानेका सुचना तथा स्पष्टिकरणहरु उपलब्ध भएका छन् ।

२. यस प्रतिवेदनमा सम्बन्धित वासलात र नाफा नोक्सान हिसाब तथा तत्सम्बधी अनुसुचीहरु संस्थाले राखेको हिसाबसँग दुरुस्त रहेका छन् ।

३. यसै प्रतिवेदनको अभिन्न अंगको रुपमा रहेको संलग्न अनुसूचीमा उल्लेखित बुदाँहरूले पार्ने असरहरू बाहेक हामीले पाएसम्मको सूचना, दिईएको स्पष्टीकरण र संलग्न लेखा नीति तथा टिप्पणीहरूलाई साथै अध्ययन गर्दा हाम्रो रायमा २०७८ असार ३१ गतेको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको आर्थिक संचालन नतिजा साथै उक्त अवधीको नगद प्रवाह विवरणले उचित तथा यथार्थ विवरण चित्रण गर्दछ ।

रायका आधारहरु

लेखापरीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएको छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश गरिएको छ । लेखापरीक्षण प्रकृयाले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

मुख्य लेखापरिक्षण व्यहोराहरु

मुख्य लेखापरिक्षण व्यहोराहरु यसै साथ छुट्टै अनुसुचीमा संलग्न गरेका छौं ।

व्यवस्थापनका उत्तरदायित्वहरु

प्रचलित कानून तथा नेपाल लेखामान वमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतिकरण गर्नु **श्री बड बचत तथा ऋण सहकारी संस्था लिमिटेडको** व्यवस्थापनको उत्तरदायित्व हो । यस उत्तरदायित्व अर्न्तगत वित्तीय विवरण गलत आंकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् ।

लेखापरिक्षकको उत्तरदायित्वहरु

प्रस्तुत वित्तीय विवरणहरू माथि लेखापरिक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हामो उत्तरदायित्व हो ।

सिए.मनोज केसी

एम आर यू एण्ड एसोसिएट्

चार्टर्ड एकाउन्टेन्ट्स

M.R.U. & Associates Kathmandu Chartered Accountants

स्थान : काठमाण्डौं

मिति :२०७८।०८।१३

UDIN: 211129CA00575RrvPa

मुख्य लेखापरिक्षण व्यहोराहरुसंग सम्बन्धित अनुसूची

व्यवस्थापन पत्र (प्रारम्भिक प्रतिवेदन) का साथै निम्न कारणहरुले गर्दा संस्थाले सहकारी ऐन, नियम, मापदण्ड, संस्थाको विनियम र विभागिय परिपत्रहरु समेतको आधारमा हाम्रा रायहरु निम्नानुसार बुँदागत रुपमा उल्लेख गरिएको छ :

१. शेयर सदस्य बनाउँदा कार्यक्षेत्र बाहिरको नागरिकता भएका सदस्य (अस्थाई बसोबास गर्ने) को हकमा, कार्यक्षेत्र भित्र बसोबास गरिरहेको प्रमाणित हुने कागजातहरु पूर्ण रुपमा अद्यावधिक भईनसकेको कारण, सो सम्बन्धि एकिन गर्न नसकिएको ।

२. संस्थाको वित्तिय कारोवारको PEARLS (Protection, Effective Financial Structures, Assets Quality, Rates of Return, Liquidity and Sign of Growth) अनुगमन विधि ूर्णरुपले अवलम्वन गर्नुपर्ने देखिन्छ ।

३. यस आ.ब.को आषाढ मसान्तमा ९ जना संचालकहरु मध्ये ४ जनाले तथा ३ जना लेखा समिति सदस्यहरु मध्ये १ जनाले संस्थाबाट ऋण उपभोग गरेको देखिन्छ ।

४. ऋण नोक्सानी व्यवस्था गर्दा संस्थाले नेपाल सरकार, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभागको मिति ०६८/०१/०१ को मापदण्डमा उल्लेखित व्यवस्था अनुसार यस आ.ब. को अन्त्यमा जम्मा असूल हुन बाँकी ऋणलाई भाका नाघेको आधारमा असल, शंकास्पद तथा खराव गरि तीन वर्गमा वर्गिकरण गरि क्रमश: १ प्रतिशत, ३५ प्रतिशत र १०० प्रतिशतको दरले ऋण नोक्सानी व्यवस्था गर्नुपर्नेमा केहि ऋणीहरुमा पर्याप्त कर्जा नोक्सानी व्यवस्था गरिएको छैन ।

५. २०७८ आषाढ मसान्तमा रहेको जम्मा निक्षेप तथा ऋण र उक्त मितिमा समाप्त आर्थिक बर्षको ऋणबाट आम्दानी ब्याज तथा निक्षेपमा भएको खर्च ब्याज को औसत ब्याज दर गणना गर्दा, आम्दानी ब्याज र खर्च व्याजदरको सालाखाला अन्तर ६ प्रतिशत रहेको देखिन्छ ।

६. ऋणी सदस्यहरुसँग प्रक्रियागत शुल्क बापत संस्थाले कर्जाको २ प्रतिशत लिने गरेको देखिन्छ ।

७. बचत परिचालन, ऋण लगानी तथा असूली नीति र आर्थिक नियमावलीलाई समय सापेक्ष परिमार्जन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । साथै ऋण लगानी गर्दा सोको सुरक्षणको पुर्ण रुपमा यकिन गर्नु पर्ने देखिन्छ ।

८. सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ र नियमावली २०६६ र सहकारीको लागि जारी भएका सम्बन्धित निर्देशनहरुमा भएका व्यवस्थाहरुको प्रभावकारी रुपमा पालना गर्नुपर्ने देखिन्छ साथै संस्थाले सम्पत्ति शुद्धिकरण निवारण निर्देशीका तयार गरि सोको अनुशरण गरि सदस्यहरुको कारोवार जोखिम समेत वर्गिकरण गर्नुपर्ने देखिन्छ ।

९. संस्थाले कम्प्युटरमा Easy Soft मार्फत अभिलेख राख्नेगरेको र दैनिक रुपमा Data Backup लिने गरेको भएतापनि आर्थिक तथा प्रशासनिक अभिलेखहरु मासिक रुपमा मुद्रण गरी प्रमाणित गर्नुपर्ने देखिन्छ । मासिक कारोवारको विवरण शेयर सदस्यहरुको जानकारीको लागि प्रकाशित गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ।

१०. नगद मौज्दात तथा संस्थामा भएका अन्य सम्पत्तिहरुको समय समयमा भौतिक परिक्षण गरिरहनु पर्ने देखिन्छ ।

११.संस्थाले आफ्नो प्रत्येक सदस्यलाई संस्थाको कूल पुँजी कोषको १० प्रतिशतमा नवढाई ऋण प्रदान गर्न पर्नेमा यस मापदण्डको पर्णरुपमा पालना भएको देखिदेन।

R.U. & Associates Kathmandu Chartered Accountants

बड बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा -१६ , काठमाडौ, नेपाल

वित्तीय स्थितिको विवरण

३१ आषाढ २०७८ को

पुंजी तथा दायित्व	लेखा टिप्पणी	यस आ.ब.को	गत आ.ब.को
शेयर पुंजी	१	१४,९१७,३००.००	१४,०७९,६००.००
कोष हिसाब	२	५,८५५,०५४.६०	३,७३९,४४०.२५
बचत र निक्षेप	३	४२,३२३,३१८.३२	३७,७०३,०९९.५२
बाह्य ऋण तथा सापटी	४		-
पूंजीगत अनुदान	५		-
चालु दायित्व तथा व्यवस्था	६	१,१६०,१२१.६४	१,२९१,९७०.६५
कर दायित्व	७	२०५,०४३.००	३९२,४६०.००
दीर्घकालिन दायित्व	८		-
स्थगन कर दायित्व	९		-
जम्मा		६४,४६०,८३७.५६	५७,२०६,५७०.४२
सम्पत्ति तथा जायजेथा			
नगद मौज्दात	१०	२१०,३५८.३१	३८१,०५१.११
बैक मौज्दात	११	११,२५७,१४८.८७	११,५९०,३९७.४०
लगानी हिसाब	१२	२७,४००.००	२७,४००.००
कर्जा तथा सापट लगानी	१३	५२,४०७,८०९.००	४४,८९९,०९३.००
चालु सम्पत्ति	१४	१४३,८१२.५०	१९८,६४४.२३
स्थिर सम्पत्ति	१५	४१४,३०८.८८	१०९,९८४.६८
अन्य दिर्घकालिन सम्पत्ति	१६	-	-
स्थगन कर सम्पत्ति	९	-	-
जम्मा		६४,४६०,८३७.५६	५७,२०६,५७०.४२

प्रमुख लेखानिति तथा टिप्पणी

अध्यक्ष

कोषाध्यक्ष

सचीव

लेखा समिति संयोजक

व्यवस्थापक

सिए.मनोज केसी
लेखापरिक्षक
एम. आर. यू. एण्ड एसाेसएट्स

बड बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा -१६ , काठमाडौ, नेपाल

खुद नाफा\नोक्सान बाँडफाँडको विवरण

श्रावण १,२०७७ देखि ३१ आषाढ ,२०७८ सम्मको

विवरण		यस आ.ब.को	गत आ.ब.को
गत आ.ब.को संचित मुनाफा			
यस आ.ब.को नाफा नोक्सान		३,७२३,१३०.३५	३,१७७,६६९.६८
जम्मा	क	३,७२३,१३०.३५	३,१७७,६६९.६८
कोषमा बाँडफाँड			
साधारण जगेडा कोष	२५%	९३०,७८२.५९	७९४,४१७.४२
सहकारी बिकास कोष	१.०%	२७,९२३.४८	२३,८३२.५२
पुंजी फिर्ता जगेडा कोष			
शेयर लाभांस कोष	७२.०%	२,०१०,४९०.३९	१,७१५,९४१.६३
कर्मचारी बोनस कोष			
घाटा पूर्तिकोष	१.०%	२७,९२३.४८	२३,८३२.५२
सहकारी प्रवर्द्धन कोष	०.५%	१३,९६१.७४	११,९१६.२६
सहकारी शिक्षा कोष			
स्थगन कर जगेडा			
संस्थागत सामाजिक उत्तरदायित्व कोष			
संरक्षित पुंजी फिर्ता कोष	२५.०%	६९८,०८६.९४	५९५,८१३.०७
सहकारी शिक्षा तथा तालिम कोष	०.५%	१३,९६१.७४	११,९१६.२६
जम्मा	ख	३,७२३,१३०.३५	३,१७७,६६९.६८
खूद संचित मुनाफा	क-ख		-

M.R.U. & Associates
Kathmandu
Chartered Accountants

विवरण	यस आ.ब.को	गत आ.ब.को
तलव खर्च	१,१३७,०१४.००	१,०६१,१०१.००
घरभाडा खर्च	२४६,७२६.००	१७७,३२६.००
छपाई तथा मसलन्द खर्च	४६,१२१.००	४०,४२३.००
बत्ति तथा पानी खर्च	२०,२९६.००	१३,५०३.००
परिबहन तथा यातायात खर्च	५३००.००	६८०.००
टेलिफोन खर्च	३३,८००.००	३८,३००.००
अन्य कार्यालय खर्च	७९,८३१.००	३४,६३६.००
लेखा परिक्षण शुल्क खर्च	३९,५५०.००	३९,५५०.००
पत्र पत्रिका खर्च	२,६५०.००	३,४००.००
साधरण सभा खर्च	२५३,६७५.००	७५१,९४८.००
पोसाक खर्च	–	३२,०००.००
क्यलेन्डर छपाई खर्च	३४८०४.००	–
संचय कोष खर्च	–	१६,६००.००
सफ्टवेर खर्च	२१,६००.००	१२,०००.००
बिज्ञापन खर्च	२४,०००.००	७,५८०.००
तिज खर्च	–	६१,२००.००
बैक सुल्क	१,०६०.००	६००.००
बैठक भत्ता	२०९,४००.००	८५,२५०.००
खाजा खर्च	३,३७५.००	३६,४२६.००
सामाजिक सुरक्षा कोष खर्च	१२५,५८६.००	७४,२५६.००
मर्मत तथा संभार खर्च	१०,९००.००	३०,१०५.००
नविकरण तथा कर खर्च	४,७५०.००	८,२८५.००
वेभसाइट खर्च	१६,९५०.००	–
जम्मा	२,३१७,३८८.००	२,५२५,१६९.००

३१.सम्भाबित नोक्सानी व्यवस्थाबाट फिर्ता

संस्थाको यस बर्ष खराब ऋण को व्यवस्थामा भएको परिवर्तन यस प्रकार रहेको छ।

विवरण	यस वर्षे सम्मको व्यवस्था	यस वर्षे व्यवस्था थप	यस वर्षे व्यवस्था फिर्ता	यस वर्ष सम्मको व्यवस्था
असल कर्जा	५२३,६४८.३४	८३,७३३.७२	–	४३९,९१४.६२
१ देखी १२ महिना भाखा नाघेको	१५,०४१.२५	–	३०२,६२९.६०	३१७,६७०.८५
१ वर्ष भन्दा बढी भाका नाघेको	–	–	–	–
जम्मा	५३८,६८९.५९	८३,७३३.७२	३०२,६२९.६०	७५७,५८५.४७

बड बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा -१६ , काठमाडौं, नेपाल
नाफा\नोक्सान हिसाबको विवरण
श्रावण १,२०७७ देखि ३१ आषाढ ,२०७८ सम्मको

विवरण	लेखा टिप्पणी	यस आ.ब.को	गत आ.ब.को
(क) वित्तिय कारोबारबाट आम्दानी/(खर्च)			
ब्याज आम्दानी	१७	७,८२३,३९२.००	६,८०७,३८०.००
ब्याज खर्च	१८	३,२००,४८१.२१	३,०८१,२७३.९८
वित्तिय कारोबारबाट खुद आम्दानी/(खर्च)		४,६२२,९१०.७९	३,७२६,१०६.०२
(ख) उत्पादन सम्बन्धित कारोबारबाट आम्दानी		-	-
बिक्रीबाट आम्दानी	१९	-	-
व्यापारिक छुट दिएका	२०	-	-
बिक्रीबाट खुद आम्दानी		-	-
बिक्री गरिएका वस्तुको लागत	२१	-	-
उत्पादन कारोबारबाट खुद आम्दानी/(खर्च)		-	-
(ग)उपभोक्ता सम्बन्धि कारोबारबाट आम्दानी		-	-
बिक्रीबाट आम्दानी	२२	-	-
व्यापारिक छुट दिएका	२३	-	-
बिक्रीबाट खुद आम्दानी		-	-
बिक्री गरिएका वस्तुको लागत	२४	-	-
उपभोक्ता सम्बन्धि कारोबारबाट खुद आम्दानी/(खर्च)		-	-
(घ)श्रमिक सेवा सम्बन्धि कारोबारबाट आम्दानी		-	-
सेवा/वस्तु बिक्रीबाट आम्दानी	२५	-	-
बिक्रीमा दिएको व्यापारिक छुट	२६	-	-
बिक्रीबाट खुद आम्दानी		-	-
बिक्री गरिएको सेवा/वस्तुको लागत	२७	-	-
श्रमिक सम्बन्धि कारोबारबाट खुद आम्दानी/(खर्च)		-	-
सम्पूर्ण उद्धेश्य बाट प्राप्त कुल बाट मुनाफा/(नोक्सान) (क+ख+ग+घ)		४,६२२,९१०.७९	३,७२६,१०६.०२
अन्य आम्दानी	२८	१,७२२,७९७.००	१,६५३,१४०.२६
बैंक तथा वित्तिय संस्थाबाट प्राप्त ब्याज	२९	१५५,१४१.८२	३७९,१६५.३०
कुल सञ्चालन आम्दानी		६,५००,८४९.६१	५,७५८,४११.५८
प्रशासनिक खर्च	३०	२,३१७,३८८.००	२,५२५,१६९.००
ह्रास कट्टी खर्च		८१,३६६.८०	३६,६६१.५७
सम्भाबित नोक्सानी ब्यस्था अघिको सञ्चालन मुनाफा		४,१०२,०९४.८१	३,१९६,५८१.०१
सम्भावित नोक्सानी व्यवस्था		-	-
सञ्चालन मुनाफा /(नोक्सान)		४,१०२,०९४.८१	३,१९६,५८१.०१
गैर सञ्चालन आम्दानी		-	-
सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	३१	२१८,८९५.८८	७३०,५६१.६४
नियमित कारोबार बाट भएको मुनाफा /(नोक्सान)		४,३२०,९९०.६९	३,९२७,१४२.६५
असामान्य कारोबारबाट भएको आम्दानी /(खर्च)		-	-
सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा		४,३२०,९९०.६९	३,९२७,१४२.६५
कर्मचारी बोनस		३९२,८१७.३४	३५७,०१२.९७
कर अघिको नाफा /(नोक्सान)		३,९२८,१७३.३५	३,५७०,१२९.६८
आयकर खर्च		२०५,०४३.००	३९२,४६०.००
यस बर्षको कर व्यवस्था		२०५,०४३.००	३९२,४६०.००
बिगत बर्षसम्मको कर व्यवस्था		-	-
यस बर्षको स्थगन कर आम्दानी/ खर्च		-	-
खुद नाफा/नोक्सान)		३,७२३,१३०.३५	३,१७७,६६९.६८

अध्यक्ष

लेखा समिति/संयोजक

कोषाध्यक्ष

व्यवस्थापक

Kathmandu

सचीब

सिए मनोज केसी
लेखापरिक्षक
एम. आर.यू.एण्ड एसोसिएट्स

बड बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा -१६ , काठमाडौं, नेपाल

नगद प्रवाह विवरण

श्रावण १,२०७७ देखि ३१ आषाढ ,२०७८ सम्मको

विवरण		यस आ.ब.को	गत आ.ब.को
संचालन गतिविधिबाट नगद प्रवाह			
कर पछिको नाफा/(नोक्सान)		३,७२३,१३०.३५	३,१७७,६६९.६८
समायोजन :			
हासकट्टी	(+)	८१,३६६.८०	३६,६६१.५७
क्षयिकरण खर्च	(+)		
बिभिन्न कोषमा समायोजन	(+/-)	(३,७२३,१३०.३५)	(३,१७७,६६९.६८)
कर भुक्तानी रकम	(-)		
संचालन गतिविधिबाट नगद प्रवाह		८१,३६६.८०	३६,६६१.५७
चालु सम्पति तथा चालु दायित्वमा भएको परिवर्तन			
निक्षेप हिसाबमा बृद्धि /(कमी)		४,६२०,२१८.८०	४,०५८,८८६.३१
अन्य दायित्वमा तथा ब्यवस्थामा बृद्धि /(कमी)		(३१९,२६६.०१)	(५४३,४७७.००)
भुक्तानी दायित्वमा बृद्धि /(कमी)		-	-
लगानी (बृद्धि) /कमी		-	-
चालु सम्पतिमा कमी/ (बृद्धि)		५४,८३१.७३	(८८,०६१.५०)
कर्जा तथा सापट लगानीमा कमी/ (बृद्धि)		(७,५०८,७१६.००)	(२,६०७,९५१.००)
कुल कार्यशिल पूजीबाट नगद प्रवाह		(३,१५२,९३१.४८)	८१९,३९६.८१
कुल संचालन गतिविधिबाट नगद प्रवाह (क)		(३,०७१,५६४.६८)	८५६,०५८.३८
(ख) लगानी गतिविधिबाटको नगद प्रवाह			
स्थीर सम्पतीको खरिद		(३८५,६९१.००)	(१,४५०.००)
स्थीर सम्पतीको बिकी		-	-
कुल लगानी गतिविधिबाटको नगद प्रवाह (ख)		(३८५,६९१.००)	(१,४५०.००)
वित्तिय गतिविधिबाटको नगद प्रवाह :			
शेयर बिकीबाट प्राप्त रकम		८३७,७००.००	१,७०५,०००.००
बाह्रय ऋणमा बृद्धि /(कमी)		-	-
कोषबाट भुक्तानी		२,११५,६१४.३५	२,८७६,२२१.६८
कुल वित्तिय गतिविधिबाट नगद प्रवाह (ग)		२,९५३,३१४.३५	४,५८१,२२१.६८
कुल गतिविधिबाटे नगद प्रवाह (क+ख+ग)		(५०३,९४१.३३)	५,४३५,८३०.०६
शुरु नगद तथा बैंक मौज्दात		११,९७१,४४८.५१	६,५३५,६१८.४५
चालु आ.ब.अन्तको नगद तथा बैंक मौज्दात		११,४६७,५०७.१८	११,९७१,४४८.५१

अध्यक्ष — कोषाध्यक्ष — सचीव

लेखा समिति संयोजक — व्यवस्थापक — सिए.मनोज केसी, लेखापरिक्षक, एम. आर.यू.एण्ड एसोसिएट्स

बढ बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा -१९ , काठमाडौं, नेपाल

ईक्युटीमा भएको परिवर्तनको विवरण

श्रावण १,२०७७ देखि ३१ आषाढ ,२०७८ सम्मको

विवरण	शेयर पुँजी	जगेडा कोष	संरक्षित पुँजी फिर्ता कोष	सहकारी प्रवर्द्धन कोष	शेयर लाभांश कोष	कर्मचारी बोनस कोष	घाटापूर्ति कोष	सहकारी शिक्षा तथा तालिम कोष	सहकारी विकास कोष	अन्य कोषहरू	जम्मा
शुरू मौज्दात	१४,०७९,६००.००	१,०६४,१८८.५४	७०९,४०४.५३	१३,९०७.०८	१,७१५,९४२.२१	२६,९९०.००	६४,२७०.५४	६७,८७१.६४	७६,८६५.७१		१७,८१९,०४०.२५
लेखा नितिमा भएको परिवर्तनको असर											
परिवर्तित मौज्दात											
चुक्ता पुँजी थप /(फिर्ता)	८३७,७००.००										८३७,७००.००
सम्पतिमा भएका पूनमूल्याकन											
कोषबाट भएको भुक्तानि तथा खर्च					(१,७१५,९४२.२१)	(२६,९९०.००)					(१,७४२,९३२.२१)
विभिन्न कोषको समायोजन		१३५४९६.२१									१३५,४९६.२१
यस आ.व.को खुद नाफा बाँडफाँड		९३०,७८२.५९	६९८,०८६.९४	१३,९६१.७४	२,०१०,४९०.३९		२७,९२३.४८	१३,९६१.७४	२७,९२३.४८		३,७२३,१३०.३५
अन्तिम मौज्दात	१४,९१७,३००.००	२,१३०,३८७.३४	१,४०७,४९१.४७	२७,८६८.८२	२,०१०,४९०.३९	०.००	९२,१९४.०२	८१,८३३.३८	१०४,७८९.१९		२०,७७२,३५४.६०

अध्यक्ष

कोषाध्यक्ष

सचीव

लेखा समिति संयोजक

व्यवस्थापक

सिए.मनोज केसी
लेखापरीक्षक
एम. आर.यु.एण्ड एसोसिएट्स

M.R.U. & Associates
Kathmandu
Chartered Accountants

बड बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा -१६ , काठमाडौ, नेपाल

आ.ब. २०७७/७८

कर व्यवस्थाको गणना

विवरण	रकम रु.मा
यस बर्षको नाफा	३,९२८,१७३.३५
लाभांस आम्दानी	१,४२५.००
	३,९२६,७४८.३५
खर्च नभएको कर्मचारी बोनस	१७४,११३.३३
जम्मा नाफा	४,१००,८६१.६८
कर व्यवस्था	४१०,०८६.००
कोभिड छुट	२०५,०४३.००
कर व्यवस्था	२०५,०४३.००

M.R.U. & Associates
Kathmandu
Chartered Accountants

प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु

१. सामान्य जानकारी

काठमांडौ जिल्लाको का.म.न.पा -१६ अवस्थित बड बचत तथा ऋण सहकारी संस्था लि. सहकारी ऐन २०४८ अनुसार दर्ता भई कार्य गर्दै आएको छ । यस संस्थाका सदस्यहरुलाई आफुले आर्जन गरेको आय नियमित रुपले बचत गर्ने बानी बसाल्न उत्प्रेरित गरी संकलन भएको बचत रकमबाट आवश्यक भएका सदस्यहरुलाई सिपमुलक आय आर्जन कार्यक्रम लगायत अन्य आर्थिक संकट टार्न उचित व्याजदरमा कर्जा लगानी गरी सदस्यहरुको आर्थिक, सामाजिक अवस्थामा सुधार गर्ने उदेश्यले यस संस्थाको स्थापना भएको हो ।

२. वित्तीय विवरणमाथिको उत्तरदायित्व

वित्तीय विवरणमाथिको उत्तरदायित्व संस्थाको व्यवस्थापन तथा सञ्चालक समितिमा निहित रहेको छ । संलग्न वित्तीय विवरणहरु संस्थाको सञ्चालक समितिको बैठकबाट स्वीकृत भएको छ । प्रस्तुत वित्तीय विवरणहरु संस्थाको अविच्छिन्न सञ्चालन (Going Concern Assumption) मान्यताको आधारमा तयार पारिएको छ ।

३. वित्तीय विवरण तयारीका आधारहरु

संस्थाको आर्थिक विवरणहरु ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) अनुरुप अन्यथा उल्लेख भएकोमा बाहेक प्रोद्भावी आधारमा तयार गरिएको छ । संलग्न वित्तीय विवरणहरु लेखाको सर्वमान्य सिद्धान्त तथा प्रचलन अनुसार तयार पारिएका छन् । वित्तीय विवरण तयार पार्दा लेखा सिद्धान्तमा आधारित रहेर केही अनुमानहरु गर्नुपर्ने तथा लेखा नीतिहरु लागू गर्ने क्रममा व्यवस्थापन पक्षले स्वविवेकको समेत प्रयोग गर्नुपर्ने हुन्छ । यस वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले गरेका लेखा अनुमानहरु विवेकसम्मत र उचित रहेको कुरामा व्यवस्थापन विश्वस्त छ । लेखा अनुमानहरु तत्कालीन अवस्थाको यथोचित विश्लेषणअनुरुप निर्धारण गरिने भएकोले भविष्यको परिणाम फरक पर्न सक्ने हुन्छ । लेखा अनुमानमा भविष्यमा हुने परिवर्तनहरु प्रचलित लेखामानअनुरुप तत्काल तथा त्यसपछिको अवधिमा Prospectively समायोजन गरिन्छन् । स्वविवेक तथा अनुमानहरु समयसमपेक्ष तथा उचित रहिरहुन् भनेर नियमित रुपमा पूनरावलोकन गरीएका छन् ।

४. प्रमुख लेखा नीतिहरु (Principle Accounting Policies):

संस्थाको वित्तीय विवरणहरु तयार गर्दा आधार लिईएका लेखा नीतिहरु तल उल्लेख गरिएको छ । अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक अटुट रुपमा नीतिहरुको पालना गरिएको छ ।

M.R.D. Associates Kathmandu Chartered Accountants

४.२.२ लगानी

नियमित रुपमा ब्याज तथा लाभांश आर्जन गर्ने, वा विक्रि गरी पूँजीगत लाभ आर्जन गर्ने उद्देस्य राखी धारण गरिएको बैंकमा राखिएका मुद्धति निक्षेपहरु, संगठित संस्थाको शेयरहरु लगायतका उपकरणहरुलाई वासलातमा "लगानी" शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ । लगानी उपकरणहरुलाई लागत मूल्यमा खरीद गर्दा बेहोरेको खर्च समेत समावेश गरी गणना गरिएको हुन्छ । सहकारीले गरेको लगानीलाई देहायमा उल्लिखित तीनवटा वर्गमा विभाजित गरेको छ ।

(क) भुक्तानी मितिसम्म धारण गर्ने लगानी (Held To Maturity Investments)

भुक्तानी मितिसम्म धारण गर्ने प्राथमिक उद्देश्य सहित यस्ता लगानीहरु गरिएका हुन्छन् र यसलाई लागत मूल्यका आधारमा भुक्तानी मितिसम्म नै वासलातमा देखाइएको हुन्छ ।

(ख) व्यापारिक लगानी (Held For Trading Investments)

यी लगानीहरु बजारमा बिक्री योग्य लगानी हुन् र छोटो समयावधिमा बिक्री गरि पूँजिगत लाभ आर्जन गर्ने मुख्य उद्देश्य सहित धारण गरिएका हुन्छन् । यी लगानीहरुलाई शुरुमा लागत मूल्यका आधारमा गणना गरी तत्पश्चात् बजार मूल्यका आधारमा गणना गरिन्छ । कारोबार तथा पुनर्मूल्याङ्कनबाट सिर्जित लाभ वा हानीलाई नाफा-नोक्सान हिसाब खातामा लेखाङ्कन गरिन्छ ।

(ग) बिक्रीको लागि उपलब्ध लगानी (Available For Sale Investments)

यी लगानीहरु भुक्तानी मितिसम्म धारण गर्ने लगानी तथा व्यापारिक लगानी बाहेकका लगानीहरु हुन् । यी लगानीलाई शुरुमा लागत मूल्यका आधारमा गणना गरी तत्पश्चात् बजार मूल्यका आधारमा गणना गरिन्छ । मूल्यमा हुने उतारचढावका कारण लगानी अवधि सम्ममा सिर्जित लाभ वा हानीलाई सिधै **लगानी समायोजन कोषमा** लेखाङ्कन गर्ने गरिन्छ र यस्ता उपकरण बिक्री गरेको बखत नगदमा आधारित भई लाभ वा हानीलाई आय व्यय हिसाब खातामा प्रस्तुत गरिन्छ । बजार मूल्य निर्धारण गर्ने समयमा धितोपत्र बजारमा भएको कारोबार गतिविधिलाई ध्यानमा राखिन्छ । धितोपत्र बजारमा सूचीकृत भएका तर सक्रिय रुपमा खरिद बिक्री नभएका लगानीहरुको गणना लागतमा गरिन्छ ।

४.२.३ कर्जा तथा सापटी

यस शीर्षक अन्तर्गत सदस्यहरुलाई प्रत्यक्ष रुपमा प्रदान गरिएका विभिन्न किसिमका कर्जाहरु पर्दछन् ।

४.२.४ भुक्तानी प्राप्त गर्न बाँकी ब्याज (Interest Receivables)

सदस्यहरुलाई प्रदान गरिएको कर्जा खाताहरुमा गणना हुने ब्याज रकमलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ । सदस्यहरुलाई प्रदान गरिएको कर्जा रकममा आर्जित ब्याज रकमलाई ग्राहकबाट नगद भुक्तानी प्राप्त नभएसम्म यस शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ भने नगद भुक्तानी प्राप्त भएको मितिमा नाफा नोक्सान हिसाबमा आय जनाईन्छ।

& Associates Kathmandu Chartered Accountants

४.१ जेथा (Equity)

सम्पत्तिबाट सम्पूर्ण दायित्व घटाए पश्चात् बाँकी रहने शेयरधनी सदस्यको स्वार्थ नै जेथा (Equity) हो । यस अन्तर्गत शेयरधनी सदस्यले लगानी गरेको शेयर रकम, सञ्चित मुनाफा तथा सञ्चित मुनाफाबाट विनियोजन गरिएको जगेडा कोषहरु पर्दछन् ।

४.२ सम्पत्तिहरु

सम्पत्ति भन्नाले विगतका घटनाक्रमहरुले गर्दा निकायको नियन्त्रणमा आएको त्यस्ता आर्थिक श्रोतहरुलाई जनाउँछ जसको उपयोगबाट निकायले भविष्यमा आर्थिक लाभ प्राप्त गर्नसक्ने सम्भावना आङ्कलन गरेको हुन्छ । वासलात मितिमा सहकारीको नियन्त्रण रहेको तथा भविष्यमा आर्थिक लाभको आङ्कलन गरिएको नगद, बैंक खाता, लगानी, कर्जा तथा सापटी, स्थिर सम्पत्ति लगायतका सम्पूर्ण सम्पत्तिहरुलाई सहकारीको वासलातमा समावेश गरिएको छ ।

४.२.१ स्थिर सम्पत्ति

(क) प्रारम्भिक मूल्याङ्कन

स्थिर सम्पत्तिहरु लागत अवधारणामा आधारित रही लागतमा सञ्चित ह्रास कट्टी रकम तथा impairment loss घटाई वासलातमा प्रस्तुत गर्ने नीति लिइएको छ । स्थिर सम्पत्तिको लागतलाई देहायका दुई अवस्था पूरा गरेको खण्डमा मात्र सम्पत्तिको रुपमा लेखाङ्कन गर्ने नीति लिइएको छ :

क) त्यस सम्पत्तिसँग सम्बन्धित भविष्यमा प्राप्त हुने आर्थिक लाभहरु सहकारीलाई प्राप्त हुने यकिन आधार भएमा, र

ख) त्यस सम्पत्तिको लागत एकिन भएमा

स्थिर सम्पत्तिको निर्माण वा खरीदको अवस्थामा खरीद मूल्य तथा सोमा लागेको प्रत्यक्ष खर्चहरु जोडी मूल्यांकन गरिएको छ ।

स्थिर सम्पत्तिको बिक्री वा अपलेखनबाट नोक्सान भएमा अपलेखन खर्च शीर्षकमा र फाईदा भएमा विविध आम्दानी शीर्षकमा लेखाङ्कन गरिएको छ ।

(ख) सुरुवाति लेखाङ्कन पछि गरिने खर्चहरु (subsequent costs)

स्थिर सम्पत्तिको सुरुवाति लेखाङ्कन पछि गरिने खर्चहरु (subsequent costs) लाई स्थिर सम्पत्तिको पहिचान गर्ने मापदण्ड पूरा गरेको अवस्थामा मात्र सम्पत्तिको रुपमा पहिचान गरिन्छ । सम्पत्तिमा पहिचान गर्न मापदण्ड पूरा नगर्ने त्यस्ता खर्चहरुलाई नाफा नोक्सान हिसाबमा खर्च लेखाङ्कन गरिन्छ ।

M.R.U. & Associates
Kathmandu
Chartered Accountants

४.२.५ अन्य सम्पति

अन्य सम्पत्ति अन्तर्गत मौज्दात, अग्रिम भुक्तानीहरू, पेश्की तथा पाउनुपर्ने हिसाबहरू लेखांकन गर्ने गरिएको छ ।

(क) मौज्दात

संस्थाले खरिद गरेको सबै किसिमको स्टेशनरी, छपाई तथा अन्य बिबिध सामाग्रीहरुलाई खपतको आधारमा FIFO (First In First Out) प्रणालीबाट हुन आउने रकम खर्च लेखी मौज्दात रहेकोलाई अन्य सम्पत्तिमा देखाईएको छ ।

(ख) अग्रिम भुक्तानी (Prepayments)

भविष्यमा प्राप्त गरिने सेवाहरु जस्तै बीमा, भवनको बहाल, सञ्चार सेवा, करार अन्तर्गतका मर्मत सम्भार सेवा र अन्य विविध सेवाहरुको आपूर्तिका लागि तथा अग्रिम रुपमा भुक्तानी गरिने रकम नै अग्रिम भुक्तानी हो । अग्रिम भुक्तानी गरिएको रकमलाई भुक्तानी मितिमा पूर्ण मूल्यमा सम्पत्तिका रुपमा लेखाङ्कन गरिन्छ र सेवाको आपूर्ति भएको मितिमा वा सेवाको समयावधि समाप्त भएको मितिमा नाफा नोक्सान हिसाबमा खर्च जनाईन्छ ।

४.३ दायित्व तथा व्यवस्थाहरु

सहकारीका दायित्व तथा व्यवस्थाहरु अन्तर्गत सापटीहरु, निक्षेपहरु, कर दायित्वहरु, सम्भावित कर्जा नोक्सानी व्यवस्था, विविध साहुहरु तथा अन्य दायित्वहरु पर्दछन् ।

४.३.१ सापटी

सापटी अन्तर्गत बैंक तथा अन्य सापटी रकम पर्दछन् । सापटीहरु करार प्रारम्भ भएको मितिमा पुरा मूल्यमा लेखाङ्कन गर्ने गरिन्छ र भुक्तानी मितिमा यस्ता सापटीहरु फछ्यौंट भएको मानिन्छ।

४.३.२ निक्षेपहरु

सदस्यहरुको निक्षेप खाताहरुमा रहेको बचत निक्षेप, मुद्धती निक्षेप तथा अन्य निक्षेपहरु यस शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ । निक्षेप बैंकमा जम्मा भएको मितिमा लेखाङ्कन गरिन्छ र भुक्तानी भएको मितिमा निक्षेपको फछ्यौंट भएको मानिन्छ ।

४.३.३ ब्याज मुल्तबी (Interest Suspense)

सदस्यहरुलाई प्रदान गरिएको कर्जा रकममा आर्जित ब्याज रकमलाई ग्राहकबाट नगद भुक्तानी प्राप्त नभएसम्म भुक्तानी प्राप्त गर्न बाँकी ब्याजको रूपमा लेखाङ्कन गरि उक्त रकम बराबरको रकम ब्याज मुल्तबी **(Interest Suspense)** को रुपमा लेखाङ्कन गर्ने गरिन्छ ।

४.३.४ कर्जा जोखिम व्यवस्था

सम्भावित कर्जा नोक्सानीको लागि व्यवस्थापनले विवेकसम्मत र उचित अनुमानहरुको आधारमा असल कर्जा, शंकास्पद कर्जा तथा खराब कर्जाको रुपमा वर्गिकरण गरी कर्जा जोखिम व्यवस्था गरिएको छ । असल ऋण

M.R.U. & Associates
Kathmandu
Chartered Accountants

रकमको लागि १ % र भाखा नाघेको शंकास्पद ऋण रकमको लागि ३५ % तथा खराब ऋण रकमको लागि १०० % ऋण नोक्सानी कोषको व्यवस्था गर्ने गरिएको छ ।

४.३.५ अन्य दायित्व तथा व्यवस्थाहरु

(क) बक्यौता ब्याजहरु

सदस्यहरुको निक्षेप खाता तथा सहकारीले लिएको अन्य सापटिमा गणना हुने ब्याज रकम सो ब्याज प्राप्त गर्ने सदस्यहरुले भुक्तानी लिईनसकेको अवस्थामा यस शिर्षक अन्तर्गत प्रस्तुत गरिन्छ ।

(ख) अन्य बक्यौताहरु

अन्य बक्यौता खर्चहरु जसको भुक्तान समय तथा भुक्तान गर्नुपर्ने रकम यकिन हुँदैन जस्तै व्यवसायिक सेवा खर्च, संचार खर्चहरु इत्यादि, त्यस्ता अन्य बक्यौता खर्चहरु विगतको खर्च तथा उपभोगको मात्रा, दोस्रो पक्ष सँगको समभ्रुदारि आदिको आधारमा अनुमान गरेर लेखाङ्कन गरीएको छ । यस्ता खर्चहरु विजकको प्राप्ति वा विलका आधारमा पछि फछ्यौंट गरीने गरिन्छ ।

(ग) आयकर तथा अन्य कर दायित्व

संस्थाको आयकर दायित्व आयकर ऐन २०५८ ले निर्दिष्ट गरे बमोजिम व्यवस्था गरिएको छ । चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वासलात मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ । अन्य कर दायित्वमा आयकर ऐन २०५८ ले निर्दिष्ट गरे बमोजिम विभिन्न भुक्तानीमा गरिएको कर कट्टी रकम समाविष्ट छ ।

४.४ सम्भावित दायित्वहरु

सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन् ।

विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता संभावित दायित्वहरु जसको अस्तित्व भविष्यका एक वा एकभन्दा बढी अनिश्चित घटनाक्रमहरुले निक्यौंल गर्नेछ, जुन सहकारीको नियन्त्रणभन्दा बाहिर रहेको हुन्छ, वा विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु ।

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको,
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको ।

यस आर्थिक बर्षको अन्त्यमा त्यस्तो कुनै सम्भावित दायित्वहरु रहेको छैन ।

४.५ वासलात मिति पछिका घटनाहरु

वासलात मिति पछिका घटनाहरु त्यस्ता अनुकुल वा प्रतिकुल घटनाहरु हुन्, जुन वासलात मितिदेखि वित्तीय विवरण जारी गर्नका लागि अनुमोदन गरिएको मितिका बीच घटित हुन्छन् । यस परिप्रेक्षमा, वासलात मिति पश्चात घटित सबै सारभूत तथा महत्वपूर्ण घटनाहरुलाई ध्यान दिईएको छ । वासलात मिति पश्चात वित्तीय विवरणमा समायोजन गर्नुपर्ने वा प्रस्तुत गर्नुपर्ने गरी कुनैपनि घटनाहरु सिर्जना भएका छैनन् ।

M.R.U. & Associates Kathmandu Chartered Accountants

४.६ आयको लेखाङ्कन

आर्थिक वर्षको कार्यसम्पादनका दौरान सम्पत्तिमा वृद्धि वा दायित्वमा कमी भई शेयर सदस्यहरुको जेथाको वृद्धि गराउने ब्याज आय, शुल्क, सम्पत्ति तथा दायित्वको निसर्गबाट प्राप्त लाभ इत्यादि शिर्षकहरुलाई सो वर्षको आयमा लेखाङ्कन गरिन्छ ।

४.६.१ ब्याज आम्दानी

सदस्यहरुलाई प्रदान गरेको कर्जा सापटीमा आर्जित ब्याज नगद प्राप्तिका आधार (Cash Basis) मा आम्दानी लेखाङ्कन गर्ने नीति लिएको छ । यस्तो व्यवस्था नेपाल लेखामान १ बमोजिम छैन, जसले प्रोद्‌भावी आधारलाई आधारभुत लेखा मान्यता ठहर गरी सोहीअनुरुप लेखाङ्कन गर्न अनिवार्य गरेको छ, तथा नेपाल लेखामान १८ बमोजिम प्रभावकारी ब्याज दर (Effective Interest Rate) लगाई ब्याज आम्दानी लेखाङ्कन गर्नुपर्ने अनिवार्य हुन्छ ।

संस्थाले सदस्यहरुलाई प्रदान गरेको कर्जा रकममा ब्याज हिसाव गर्दा ३६५ दिनलाई एक बर्ष मानी ब्याज गणना गर्ने नीति लिएको छ ।

बैंकमा राखिएका निक्षेपहरुबाट प्राप्त हुने ब्याज बैंकबाट प्रदान गरेको बखत आम्दानी जनाइएको छ ।

४.६.२. अन्य आम्दानी

(क) शुल्क तथा कमिशन आय

आवेदन शुल्कहरू आवेदनका बखत तथा कर्जा सेवाबाट प्राप्त हुने शुल्क कर्जा स्वीकृत भएपश्चात आम्दानीमा लेखाङ्कन गरिन्छ ।

(ख) लाभांश आय

सहकारीलाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ । बासिन्दा संस्थाले घोषणा गरेको नगद लाभांशलाई श्रोतमा करकट्टी गरिए पश्चात् बाँकी रहेको खुद रकमका आधारमा लेखाङ्कन गरिन्छ ।

४.७ खर्चको लेखाङ्कन

आर्थिक वर्षको कार्यसम्पादनका दौरान दायित्वमा वृद्धि वा सम्पत्तिमा कमी भई शेयर सदस्यहरुको जेथामा ह्रास आउने ब्याज खर्च, कर्मचारी खर्च, कार्यालय संचालन खर्च, जोखिम व्यवस्था खर्च इत्यादि शिर्षकहरुलाई सो वर्षको नाफा नोक्सान हिसाबमा खर्च लेखाङ्कन गरिन्छ ।

४.७.१ ब्याज खर्च

संस्थाले सदस्यका निक्षेप रकममा प्रदान गर्ने ब्याज खर्च प्रोदभावी (Accrual) आधारमा लेखाङ्कन गर्ने नीति लिएको छ । ब्याज दिनुपर्ने बचत (निक्षेप) खाताहरुमा ब्याज दिँदा ३६५ दिनलाई एक बर्ष मानी ब्याज गणना गरिएको छ ।

४.७.२ कर्मचारी तथा अन्य सञ्चालन खर्च

कर्मचारीको तलब, भत्ता लगायतका सुविधाहरू र कार्यालय सञ्चालन सम्बन्धी खर्चहरू प्रोदभावी (Accrual) आधारमा लेखाङ्कन गर्ने गरी आर्थिक वर्षको अन्त्यमा भुक्तानी गर्न बाँकी खर्चको सम्वन्धित शीर्षकमा खर्च जनाई दायित्वको व्यवस्था गरिएको छ ।

M.R.U. & Associates
Kathmandu
Chartered Accountants

सहकारीले कर्मचारीहरुबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नु पर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ । कर्मचारी खर्चमा तलब, भत्ता, कर्मचारी सुविधा बापतका खर्चहरू, नाफामा आधारित बोनस, सञ्चय कोष आदि खर्चहरू समाविष्ट छन् ।

श्रम ऐन २०७४ बमोजिम संचित बिदा बापतको व्यवस्था, कर्मचारी उपदान बापतको व्यवस्था, कर्मचारीको लागि व्यक्तिगत दुर्घटना तथा औषधोपचार बिमा खर्चको व्यवस्था गरिएको छैन ।

४.७.३ ह्रासकट्टि तथा प्रतिशोधन खर्च (Amortization)खर्च

स्थिर सम्पत्तिहरुमा घट्दो शेष प्रणाली अनुसार आयकर ऐन २०५८ ले निर्दिष्ट गरेको दर र पद्धति अनुरुप ह्रासकट्टि गर्ने नीति लिइएको छ । यस्तो नीति नेपाल लेखामान १६ "Property, Plant & Equipment" ले निर्धारण गरेको मान्यता अनुरुप छैन जसले सम्पत्तिको उपयोगी आयुको आधारमा व्यवस्थित तरीकाले ह्रासकट्टि गर्नु पर्ने कुरा निर्दिष्ट गर्दछ ।

कम्प्यूटर सफ्टवेयर लगायतका अन्य अदृष्य सम्पत्तिहरु (Intangible Assets) प्रयोगमा आएको मितिले प्रत्येक वर्ष २० प्रतिशतका दरले खर्च लेखाङ्कन गर्ने नीति लिईएको छ ।

४.७.४ अपलेखन खर्च

खराब श्रेणीमा वर्गीकृत कर्जाहरु विनियमावली तथा आयकर ऐन २०५८ को अधिनमा रही सम्बन्धित ऋणी र जमानीकर्ताबाट असुल उपर गर्न सक्ने अधिकार सुरक्षित राखी अपलेखन गर्ने गरिन्छ । कर्जा अपलेखन गरेको मितिमा एकातर्फ अपलेखन खर्चको लेखाङ्कन गरिन्छ भने सँगै अर्कातर्फ त्यस्ता खराब कर्जामा गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता जनाई नाफा नोक्सान हिसाबमा आम्दानी समेत लेखाङ्कन गरिन्छ ।

४.७.५ आयकर खर्च

आयकर खर्चमा यस वर्षको कर व्यवस्था तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ ।

लेखा सम्बन्धि टिप्पणीहरु

१. शेयर पूंजी

संस्थाको यस बर्षको शेयर पूँजी १४९,१७३ कित्ताको रु १०० का दरले रु. १४,९१७,३०० रहेको छ । गत बर्ष शेयर पूंजी १४०,७९६ कित्ताको रु १०० का दरले रु. १४,०७९,६०० रहेको थियो। गत बर्षको तुलनामा यस बर्ष रु. ८३७,७०० ले शेयर पूँजी बढेको छ ।

२. कोष हिसाब

संस्थाको यस बर्षको अन्त्यमा जगेडा तथा अन्य कोषमा जम्मा रु. ५,८५५,०५४.६० रहेको छ । यस वर्ष सहकारी ऐन २०७४ ले निर्दिष्ट गरे बमोजिम खुद बचत रकम (मुनाफा) को २५% रकम साधरण जगेडा कोषमा व्यवस्था गरिएको छ । जगेडा कोषमा छुट्याई बाँकि रहेको खुद बचत रकम (मुनाफा) को २५%

रकम संरक्षित पुँजी फिर्ता कोषमा तथा खुद बचत रकम (मुनाफा) को ०.५% रकम सहकारी प्रवर्द्धन कोषमा व्यवस्था गरिएको छ। अन्य कोषहरूमा निम्न बमोजिम खुद बचत (मुनाफा) को बिनियोजन गरिएको छ :

विवरण	यस आ.ब.को	यस वर्ष समायोजन	यस आ.ब.को थप	गत आ.ब.को
साधरण जगेडा कोष	२,१३०,३८७.३४	१३५४१६.२१	९३०,७८२.५९	१,०६४,१८८.५४
शेयर लाभांस कोष	२,०१०,४९०.३९	(१,७१५,९४२.२१)	२,०१०,४९०.३९	१,७१५,९४२.२१
संरक्षित पूजिँ फिर्ता कोष	१,४०७,४९१.४७		६९८,०८६.९४	७०९,४०४.५३
सहकारी प्रवर्द्धन कोष	२७,८६८.८२		१३,९६१.७४	१३,९०७.०८
सहकारी शिक्षा तथा तालिम कोष	८१,८३३.३८		१३,९६१.७४	६७,८७१.६४
घाटा पुर्ति कोष	९२,१९४.०२		२७,९२३.४८	६४,२७०.५४
सहकारी बिकास कोष	१०४,७८९.१९		२७,९२३.४८	७६,८६५.७१
कर्मचारी वोनस कोष	-	(२६,९९०.००)		२६,९९०.००
जम्मा	५,८५५,०५४.६०	(१,६०७,५१६.००)	३,७२३,१३०.३५	३,७३९,४४०.२५

३ .बचत र निक्षेप

संस्थाको यस बर्षको अन्त्यमा रु ४२,३२३,३१८.३२ बचत रहेको छ। विभिन्न शिर्षकमा बचत र निक्षेप यस प्रकार छन।

विवरण	यस आ.ब.को	गत आ.ब.को
मुद्धति निक्षेप	९,३००,६२१.०९	१२,८३२,८८२.०९
साधरण बचत	१९४,६३२.००	१७३,९६९.००
बाल बचत	४८२,४१४.००	४११,६२३.००
नारी बचत	१६५,३१०.००	६०,०२६.००
आवधिक बचत	२,१९६,८३१.००	१,२०७,५२५.००
बड बचत	१६,३७९,३३९.००	१४,०६६,८६४.००
३६५ दिन बचत	१,९६४,४६८.००	१,४८३,२७५.००
बिशेष बचत	३,४०५,८७३.००	१,८०४,२८८.००
विधार्थी बचत खाता	३७८.००	३७८.००
स्वइक्षिक बचत खाता	१८६,२८७.००	११७,८८९.००
खुत्रुके बचत खाता	७९९,२५१.९७	८४८,२१८.९७
कारोबार बचत खाता	६,१५४,८३६.२६	४,०८६,१४२.४६
कर्मचारी संचय कोष बचत खाता	१२०,२६४.००	२२७,४३४.००
अक्षय कोष बचत खाता	११३,३५९.००	१०९,८९८.००
शेयर लाभांस बचत खाता	८५९,४५४.००	२७२,६८७.००
जम्मा	४२,३२३,३१८.३२	३७,७०३,०९९.५२

४. बाह्य ऋण तथा सापटी

संस्थाको यस बर्षको अन्त्यमा कुनै बाह्य ऋण तथा सापटी रहेको छैन।

५. पूंजीगत अनुदान

संस्थाको यस बर्षको अन्त्यमा कुनै पूंजीगत अनुदान रहेको छैन।

६. चालु दायित्व तथा व्यवस्था

विवरण	यस आ.ब.को	गत आ.ब.को
सामाजिक सुरक्षा कर कट्टी	३,४८७.४७	७,४७४.४७
कर कट्टी	११,९८८.९१	१३०,८७२.७४
लेखापरिक्षण शुल्क	३९,०२५.००	३९,०२५.००
खराब ऋण को व्यवस्था	५३८,६८९.५९	७५७,५८५.४७
अन्य भुक्तानी दिनुपर्ने	-	-
कर्मचारी बोनस व्यवस्था	५६६,९३०.६७	३५७,०१२.९७
जम्मा	१,१६०,१२१.६४	१,२९१,९७०.६५

७. कर दायित्व

यस आर्थिक बर्षमा आयकर ऐन २०५८ ले निर्दिष्ट गरे बमोजिम रु. २०५,०४३.०० आयकर व्यवस्था गरिएको छ ।

८. दीर्घकालिन दायित्व

संस्थाको यस बर्षको अन्त्यमा कुनै दीर्घकालिन दायित्व रहेको छैन।

९. स्थगन कर दायित्व

संस्थाको यस बर्षको अन्त्यमा कुनै स्थगन कर दायित्व रहेको छैन।

१०. नगद मौज्दात

संस्थाको यस बर्षको अन्त्यमा रु. २१०,३५८.३१ नगद मौज्दात रहेको छ ।

११. बैक मौज्दात

संस्थाको यस बर्षको अन्त्यमा बैक मौज्दात यस प्रकार रहेको छ ।

M.R.U. & Associates Kathmandu Chartered Accountants

विवरण	यस आ.ब.को	गत आ.ब.को
प्राइम बैकं लि.	६,२८८,४४४.९४	११,१५१,७०५.४६
नेपाल बचत तथा ऋण के सहकारी संघ	६७,५९९.५२	६३,७५१.४५
राष्ट्रिय सहकारी बैकं लि.	४,९०१,१०४.४१	३७४,९४०.४९
जम्मा	११,२५७,१४८.८७	११,५९०,३९७.४०

१२. लगानी हिसाब

संस्थाको यस बर्षको अन्त्यमा लगानी हिसाब यस प्रकार रहेको छ ।

विवरण	यस आ.ब.को	गत आ.ब.को
नेपाल बचत तथा ऋण के सहकारी संघ	१२,४००.००	१२,४००.००
जिल्ला सहकारी संघ	५,०००.००	५,०००.००
राष्ट्रिय सहकारी बैकं लि.	१०,०००.००	१०,०००.००
जम्मा	२७,४००.००	२७,४००.००

१३. कर्जा तथा सापट लगानी

संस्थाको यस बर्षको अन्त्यमा कर्जा लगानी यस प्रकार रहेको छ ।

विवरण	यस आ.ब.को	गत आ.ब.को
हायर पर्चेज कर्जा	४,२००,१०६.००	४,५५७,९४३.००
ब्यापार कर्जा	४४,१६३,६९९.००	३१,४२४,९७०.००
जग्गा कर्जा	४,०४४,००४.००	८,९१६,१८०.००
जम्मा	५२,४०७,८०९.००	४४,८९९,०९३.००

१४. चालु सम्पत्ति

संस्थाको यस बर्षको अन्त्यमा चालु सम्पत्ति यस प्रकार रहेको छ ।

विवरण	यस आ.ब.को	गत आ.ब.को
अग्रिम आयकर	१२५,८२०.९४	१९४,२०४.५९
अन्य पाउनुपर्ने	१७,९९१.५६	४,४३९.६४
जम्मा	१४३,८१२.५०	१९८,६४४.२३

१५. स्थिर सम्पत्ति

संस्थाको यस बर्ष रु ३८५,६९१ को स्थिर सम्पत्ति खरिद गरेको छ। यस बर्षको अन्त्यमा स्थिर सम्पत्ति यस प्रकार रहेको छ ।

सम्पतिको नाम	कार्यालय उपकरण	पट्टामा सुधार	जम्मा
गत वर्षको बाकी	१०९,९८४.६८	-	१०९,९८४.६८
यस वर्षको थप	२८५,०२७.००	१००,६६४.००	३८५,६९१.००
सम्पत्तिको निसर्ग	-	-	-
ह्रास योग्य मूल्य	३९५,०११.६८	१००,६६४.००	४९५,६७५.६८
ह्रासकट्टी दर	२५%	२०%	
यस आ.व को ह्रासकट्टी	६१,२३४.००	२०,१३२.८०	८१,३६६.८०
बाकी मूल्य	३३३,७७७.६८	८०,५३१.२०	४१४,३०८.८८

१६. अन्य दिर्घकालिन सम्पत्ति

संस्थाको यस बर्षको अन्त्यमा अन्य दिर्घकालिन सम्पत्ति छैन।

१७. ब्याज आम्दानी

संस्थाको यस बर्ष नगद प्राप्तीका आधारमा कर्जा लगानी बाट ब्याज आम्दानी यस प्रकार रहेको छ।

विवरण	यस आ.ब.को	गत आ.ब.को
ब्यापार कर्जा	६,१५१,१९२.००	४,६०४,४४०.००
जग्गा कर्जा	१,०७१,३७१.००	१,७४४,९६१.००
हायर पर्चेज कर्जा	६००,८२९.००	४५७,९७९.००
जम्मा	७,८२३,३९२.००	६,८०७,३८०.००

१८. ब्याज खर्च

संस्थाको यस बर्ष बचतमा भएको ब्याज खर्च यस प्रकार रहेको छ।

विवरण	यस आ.ब.को	गत आ.ब.को
मुद्धति बचत	१,४०५,६६५.००	१,२१९,७९०.७८
साधरण बचत	२१,७५०.००	१८,८३९.००
बाल बचत	११,५९८.००	१०,६६०.००
नारी बचत	७८९१.००	४४६.००
आवधिक बचत	६६,२६४.००	१३०,९९९.००
बड बचत	७९६,६६८.००	९७४,८९३.००
बशेष बचत	३८७,४७९.००	२१७,३९८.००
बिधार्थी बचत	१४०००.००	६.००
स्वइक्षिक बचत	१७,७८४.००	४६,०७७.००
खुत्रुके बचत	२८,२४६.००	५६,८००.२०

३६५ दिने बचत	१९१,४३६.००	१७३,९२३.००
कर्मचारी संचय कोष बचत	१९,८८६.००	२४,१९६.००
कारोबार बचत	१९८,५७७.२१	१८६,७३९.००
अक्षय कोष बचत	४,००७.००	९,६७६.००
शेयर लाभांस बचत	२९,२३०.००	१०,८३१.००
जम्मा	३,२००,४८१.२१	३,०८१,२७३.९८

उत्पादन सम्बन्धित कारोबारबाट आम्दानी

१९. बिकीबाट आम्दानी

संस्थाको यस बर्षको अन्त्यमा उत्पादन सम्बन्धित कारोबारबाट बिकी आम्दानी भएको छैन। संस्थाले बचत तथा ऋण कारोबार मात्र गर्छ।

२०. व्यापारिक छुट दिएका

संस्थाको यस बर्षको अन्त्यमा उत्पादन सम्बन्धित कारोबारमा व्यापारिक छुट दिएको छैन। संस्थाले बचत तथा ऋण कारोबार मात्र गर्छ।

२१. बिकी गरिएका बस्तुको लागत

संस्थाको यस बर्षको अन्त्यमा उत्पादन सम्बन्धित बिकी गरिएका बस्तुको लागत छैन। संस्थाले बचत तथा ऋण कारोबार मात्र गर्छ।

उपभोक्ता सम्बन्धि कारोबारबाट आम्दानी

२२. बिकीबाट आम्दानी

संस्थाको यस बर्षको अन्त्यमा उपभोक्ता सम्बन्धित कारोबारबाट बिकी आम्दानी भएको छैन। संस्थाले बचत तथा ऋण कारोबार मात्र गर्छ।

२३. व्यापारिक छुट दिएका

संस्थाको यस बर्षको अन्त्यमा उपभोक्ता सम्बन्धित कारोबारमा व्यापारिक छुट दिएको छैन। संस्थाले बचत तथा ऋण कारोबार मात्र गर्छ।

२४. बिकी गरिएका बस्तुको लागत

संस्थाको यस बर्षको अन्त्यमा उपभोक्ता सम्बन्धित बिकी गरिएका बस्तुको लागत छैन। संस्थाले बचत तथा ऋण कारोबार मात्र गर्छ।

श्रमिक सेवा सम्बन्धि कारोबारबाट आम्दानी

M.R.U. & Associates Kathmandu Chartered Accountants

२५. सेवा/बस्तु बिकीबाट आम्दानी

संस्थाको यस बर्षको अन्त्यमा श्रमिक सेवा सम्बन्धित कारोबारबाट सेवा/बस्तु बिकीबाट आम्दानी भएको छैन। संस्थाले बचत तथा ऋण कारोबार मात्र गर्छ।

२६. बिकीमा दिएको व्यापारिक छुट

संस्थाको यस बर्षको अन्त्यमा श्रमिक सेवा सम्बन्धित कारोबारको बिकीमा व्यापारिक छुट दिएको छैन। संस्थाले बचत तथा ऋण कारोबार मात्र गर्छ।

२७. बिकी गरिएको सेवा/बस्तुको लागत

संस्थाको यस बर्षको अन्त्यमा श्रमिक सेवा सम्बन्धित बिकी गरिएका सेवा/बस्तुको लागत छैन। संस्थाले बचत तथा ऋण कारोबार मात्र गर्छ।

२८. अन्य आम्दानी

संस्थाको यस बर्ष अन्य आम्दानी शिर्षकमा भएको आम्दानी यस प्रकार रहेको छ।

विवरण	यस आ.ब.को	गत आ.ब.को
सहकारी विकास शुल्क	९,७००.००	२७,३००.००
जरीवाना / हर्जाना	४९१,६२२.००	५०५,१५८.००
कर्जा आवेदन	१५,८००.००	१२,७००.००
विविध आम्दानी	२२,३००.००	१२,१६५.४९
कर्जा सेवा शुल्क	१,१३७,३६०.००	१,०८१,१३६.००
सदस्यता शुल्क	४४,५९०.००	११,७००.००
लाभांस	१,४२५.००	२,९८०.७७
जम्मा	१,७२२,७९७.००	१,६५३,१४०.२६

२९. बैंक तथा बित्तिय संस्थावाट प्राप्त ब्याज

संस्थाको यस बर्ष बैंक तथा बित्तिय संस्थावाट प्राप्त ब्याज आम्दानी शिर्षकमा रु १५५,१४१.८२ प्राप्त गरेको छ। गत बर्ष सोहि शिर्षकमा रु ३७९,१६५.३० आम्दानी गरेको थियो।

३०. प्रशासनिक खर्च

संस्थाको यस बर्ष प्रशासनिक खर्च शिर्षकमा भएको खर्च यस प्रकार रहेको छ।

M.R. & Associates
Kathmandu
Chartered Accountants

पान नं.:६००२५७१०३ दर्ता नं. :३८२२/०६८/०६९

बड बचत तथा ऋण सहकारी संस्था लिमिटेड

(BUD SAVING AND CREDIT CO-OPERATIVE LIMITED)

का.म.न.पा-१६,सोह्रखुट्टे, काठमाडौँ, नेपाल
फोन नं. ०१-४९७०२२०
Email: saccosbud@gmail.com

मिति :२०७८/०८/०१

श्री.................................ज्यू
शेयर सदस्य

बिषय : साधारण सभामा उपस्थित हुने बारे ।

यस बड बचत तथा ऋण सहकारी संस्था लि. को २०७८ साल कार्तिक ९ गते मङ्गलवार बसेको सञ्चालक समितिको निर्णय अनुसार संस्थाको **"एघारौं बार्षिक साधारण सभा"** देहायका विषयमा छलफल तथा निर्णयका लागि सञ्चालन हुने भएकोले सो साधारणसभामा उपस्थित भईदिनु हुन अनुरोध गर्दछु ।

साधारण सभा हुने मिति,समय र स्थान

मिति : २०७८ पौष १० गते, शनिबार
समय : बिहान ०८:०० बजे
स्थान : सौगात पार्टी प्यालेस ,नयाँबसपार्क, काठमाण्डौं
(पुजाकोटि पेट्रोलपम्पको पारीपट्टी)

साधारणसभामा छलफल तथा निर्णयार्थ प्रस्तत गरिने प्रस्तावहरु :

१. आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रगति प्रतिवेदन र आ.व. २०७८/०७९ को प्रस्तावित नीति तथा कार्यक्रम सम्वन्धमा,
२. आर्थिक वर्ष २०७७/०७८ को आर्थिक प्रतिवेदन र आ.व. २०७८/०७९ को प्रस्तावित बजेट सम्वन्धमा ,
३ आर्थिक वर्ष २०७७/०७८ को लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्वन्धमा,
४. आर्थिक वर्ष २०७७/०७८ को लेखा समितिको प्रतिवेदन सम्वन्धमा ,
५. आर्थिक बर्ष २०७७/०७८ को खूद बचतबाट शेयर सदस्यहरुलाई १३ प्रतिशतका दरले लाभांस वितरण सम्वन्धमा,
६. आर्थिक बर्ष २०७८/०७९ को लेखा परिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ,
७. संस्थाको "संरक्षित पूँजी फिर्ताकोष निर्देशिका-२०७८"अनुमोदन सम्वन्धमा,
८. सञ्चालक समिति एवं लेखासमितिहरुको निर्वाचन सम्वन्धमा ,
९. निर्णय पुस्तिकामा हस्ताक्षर गर्न प्रतिनिधि नियुक्ति सम्वन्धमा ,
१०. विविध ।

नोट : सभामा उपस्थित हुने सदस्यहरुलाई रु. ५००।-(अक्षरुपी पाँचसय मात्र) का दरले यातायात खर्च उपलब्ध गराईनेछ साथै नास्ता तथा खानाको व्यवस्था गरिनेछ जसका लागि कुपन अनिवार्य छ ।

रामचन्द्र भट्ट
सचिव